नेपाली राजदूतावास
**Embassy of Nepal**
Washington D.C.

## प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (International Civil Aviation Organization- ICAO) को प्रावधान अनुसार आगामी ०१ एप्रिल २०१० देखि अनिवार्य रुपमा सबै राष्ट्रहरुले Machine Readable Passport (MRP) जारी गर्नुपर्ने भएकोले नेपाल सरकारले पनि सो मिति देखि MRP जारी गर्नेगरी यसका लागि आवश्यक तयारी कार्यहरु गर्दै आएको छ। ०१ एप्रिल २०१० देखि जारी गरिने MRP तथा हाल जारीगरिदै आएको हस्तलिखित राहदानीका सम्बन्धमा देहाय बमोजिम व्यवस्था हुने भनी नेपाल सरकार, परराष्ट्र मन्त्रालयबाट परिपत्र प्राप्त भएकोले सो व्यहोरा सम्बन्धित सबैका जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. हाल जारीगरिदै आएका हस्तलिखित राहदानीहरु (Hand-written Passport) अब ३१ मार्च २०१० सम्म मात्र जारी गरिने छ।

२. हाल जारी भैसकेका वा ३१ मार्च २०१० सम्म जारी गरिने हस्तलिखित राहदानी वाहक मिति २४ नोभेम्बर २०१५ सम्म मात्र विदेश भ्रमण गर्न सक्ने छन्।

३.मिति २४ नोभेम्बर २०१५ पछि विदेश भ्रमण गर्नेहरुले भने अनिवार्य रुपमा MRP लिनुपर्ने भएकोले सम्बन्धित सबैले आ-आफ्नो अनुकूल समयमा सो मिति अगावै MRP लिनुपर्ने छ।

४. ०१ एप्रिल २०१० देखि नै MRP जारी गर्नेतर्फ आवश्यक कारवाही हुदाहुदै पनि यो प्रकिया जटिल भइ ICAO को प्रावधान अनुसार केन्द्रिकृत गरी सुरक्षित स्थानबाट मात्र जारी गर्नुपर्ने भएकोले MRP साधारण राहदानी जस्तो तुरुन्त जारी गर्न नसकिने र हाल जारी भएसरह प्रत्येक जिल्ला तथा नेपाली राजदूतावासहरुबाट जारी गर्न नसकिने भई केन्द्रिय राहदानी कार्यालय, परराष्ट्र मन्त्रालयबाट मात्र जारी गर्ने व्यवस्था हुनेछ।

५. MRP जारी गर्नका लागि आवेदकको निवेदन केन्द्रिय राहदानी कार्यालय, परराष्ट्र मन्त्रालयमा प्राप्त भएको दिनबाट ८ देखि १० हप्ता सम्म लाग्नसक्ने हुन्छ।

६. मिति ०१ एप्रिल २०१० देखि जारी हुने MRP को दस्तुर तथा २४ नोभेम्बर २०१५ भन्दा पछि सम्मको म्याद बहाली भएका हस्तलिखित राहदानी वाहकहरुले राहदानीलाई MRP मा बदल्दा लाग्ने दस्तुरका बारेमा पछि नेपाल सरकारले गर्ने व्यवस्था यथा समयमा सबैलाई जानकारी गराइनेछ।

नेपाली राजदूतावास वाशिंगटन डि.सी.
मिति २३ फेब्रुअरी २०१०